# आम्दा नेपाल
## <u>मासिक प्रतिवेदन</u>

आ.व. २०८१/८२ महिनाः साउन

**परिचय**

एशोसियन अफ मेडिकल डक्टर्श अफ एशिया (आम्दा) नेपाल, गैर नाफा मुखी सामाजिक संस्था हो। आम्दा नेपाल, एक गैर सरकारी संस्थाको रूपमा जिल्ला प्रशासन कार्यालय, काठमाण्डौंमा मिति २०४७।११।२० गते दर्ता भएको हो। आम्दा नेपालले मुलतः विपन्न तथा असहाय समुदाय लक्षित परियोजनाहरूको साथमा स्थानिय नगरपालिका एवं उद्योग वाणिज्य संघहरूसँग सहकार्य गरी जनस्वास्थ्यको क्षेत्रमा अस्पताल, क्लिनिक, स्वास्थ्य सम्बद्ध शैक्षिक कार्यक्रमहरू समेत सञ्चालन गर्दै आएको छ। आम्दा नेपालले आफ्ना ३ वटा अस्पताल मार्फत दुर्गम क्षेत्रका जनसमुदायलाइ लच्क्षित गर्दै स्वास्थ्य अवस्थामा सुधार गर्न गुणस्तरीय उपचारात्मक सेवा प्रदान प्रदान गरेको छ भने विभिन्न स्वास्थ्य परियोजना मार्फत विभिन्न जिल्लाहरूमा स्थानीय जनसमुदायलाइ लच्क्षित गर्दै रोकथामूलक प्रवर्धनात्मक स्वास्थ्य कार्यक्रमहरू समेत गरिरहेको छ। समुदायको आवश्यकता अनुरूप संघिय, प्रादेशिक र स्थानीय तहका सरकारी निकायहरूसंगको सहयोग, सहकार्य र सहभागितामा सामुदायिक सचेतनामुकल कार्यक्रमहरू संचालन गरिरहेको छ। उत्कृट स्वास्थ्य सेवा प्रदान गर्ने हेतु आफ्नै तालिम केन्द्र र शैक्षिक प्रतिष्ठान मार्फत राष्ट्रका निमित्त आवश्यक पर्ने स्वास्थ्य सम्बद्ध प्राविधिक जनशक्ति उत्पादन गरि आवश्यक मात्रामा जनशक्ति परिपूर्ति गर्दै आएको छ। यसरी आम्दा नेपालले सरकारको स्वास्थ्य नीति, रणनीति र लक्ष्य अनुरूप सबैको पहुँचमा स्वास्थ्य सेवा पुर्याउन आफ्नो तर्फबाट सक्दो योगदान गरिरहेको छ।

**क्रियालाप**

**१. आम्दा अन्तराष्ट्रियका अध्यक्षको नेपाल भ्रमण ।**

आम्दा इन्टरनेशनलका अध्यक्ष डा. शिगेरू सुगानामी सन् २७ जूलाइ देखी २ अगष्ट २०२४ सम्म सफलतापुर्वक नेपाल भ्रमण सम्पन्न गरि स्वदेश फिर्ता हुनुभएको छ। उहाँको नेपाल भ्रमण सफल बनाउन सहयोग पुर्याउनुहुने सबैमा आम्दा नेपाल केन्द्रीय कार्यालयको तर्फबाट हार्दिक आभार सहित धन्यबाद प्रकट गरिएको छ।

**२. मेडिकल उपकरण (CT Scan Machine) को शिलबन्दी दरभाऊ प्रस्तावको सूचना ।**

आम्दा नेपाल मातहत सञ्चालित आम्दा अस्पताल, दमक, झापाको प्रयोजनका लागि 128 Slice को एक थान CT Scan खरिद गर्न वि.सं. २०८१।०४।१२ मा सूचना प्रकाशन गरिएकोमा वि.सं. २०८१।०४।१८ मा Prebid Meeting सम्पन्न भयो।

**३. Breast and Cervical Cancer Screening Service प्रस्तावना सम्बन्धमा ।**

आम्दा नेपाल केन्द्रीय कार्यालय मातहत संचालित हुने स्तन तथा पाठेघरको मुखको क्यानसर परिक्षण सेवा परियोजना प्रस्तावना गोकर्णेश्वर नगरपालिकामा पेश भएको र यहि २०८१ भाद्र देखि संचालन हुनेगरि संझौताको चरणमा रहेको जानकारी गरियो।